## मिति २०८२/०२/०७ गते बसेको यातायात व्यवस्थापन समितिको बैठक निर्णयहरु:

मिति २०७९ फागुन १७ गते र मिति २०८० असोज ८ गते प्रमुख जिल्ला अधिकारीको संयोजनमा यातायात व्यवस्थापन समितिको बैठकबाट निर्णय भए गरेका तथा यस जिल्लामा यातायात व्यवस्थापन सुधारका क्षेत्रमा तपसिल अनुसारका निर्णय तत्काल कार्यान्वयन गर्ने गराउने ।

१. महेन्द्रनगर बजार क्षेत्र विद्युत प्राधिकरण कार्यालय देखि सब्जीमण्डी जाने बाटो सम्म पालो क्युमा रहेका सवारी साधन मध्ये ३ वटा सम्म साना सवारी साधन र २ वटा सम्म मिनिबस मात्र केही समय यात्रु ओराल्ने-चढाउनका लागि रोक्न पाउने र विद्युत प्राधिकरण कार्यालय देखि ट्राफिक प्रहरी कार्यालय सम्मको क्षेत्रमा नो-पार्किङको व्यवस्था गर्ने ।

२. सार्वजनिक यातायातका सवारी साधनहरुले बसपार्क भित्र मात्र यात्रुहरु ओराल्ने र चढाउने/उठाउने व्यवस्था अनिवार्य लागू गर्ने । यात्रुहरुलाई जवरजस्ती आफ्नो सवारी साधन पट्टी तान्ने जस्ता हैरानी दिने कार्य जस्तो अस्वस्थ प्रतिस्पर्धा नगर्ने/नगराउने ।

३. यस जिल्ला प्रवेश गर्ने सबै सार्वजनिक यातायातका साधनले सवारी साधनमा भाडा दररेट/मूल्यसूची टाँस गर्ने र यात्रुहरुलाई अनिवार्य रुपमा टिकट दिने व्यवस्था गर्ने/गराउने ।

४. निजी (रातो नम्बर प्लेटका) सवारी साधनले यात्रु ओसार पसार गर्न नपाउने । भारतीय नम्बर प्लेटका ट्याक्सीले जिल्ला भित्रका स्थानीय यात्रु ओसार पसार गर्न नपाउने । भारत तर्फबाट यात्रु लिई नेपाल भित्रिने भारतीय नम्बर प्लेटका ट्याक्सीले फर्किदा यात्रु लिएर फर्किनु पर्ने अवस्था भएमा भन्सार दस्तुर/अनुमति वेगर आवागमन गर्न नपाउने र त्यस्ता ट्याक्सीले स्थानीय यात्रु जम्मा/संकलन गरी आवागमन गर्न नपाउने व्यवस्था गर्ने/गराउने ।

५. बसपार्क क्षेत्र एरिया विशेषतः बसपार्क भित्र मध्यपान-धुम्रपान सूर्तीजन्य पदार्थ बिक्री वितरण तथा सेवनमा पूर्णतः रोक लागाउने । त्यस्तो कार्यलाई दण्डनीय बनाउने ।

६. सवारी चालक तथा सवारी साधनका अन्य सहयोगी कर्मचारी/मजदूरले लागू पदार्थ सेवन नगर्ने/नगराउने । त्यसको नियमन र नियन्त्रणका लागि संयुक्त बसपार्क व्यवस्थापन समितिले लागु पदार्थ सेवन परीक्षणको किट उपलब्ध गराउने र जिल्ला प्रहरी कार्यालयले नगरपालिका समेतको समन्वयमा त्यस्तो परीक्षणको व्यवस्था कार्यालयन्वयन गर्ने । लागु पदार्थ सेवन गरेका उल्लिखित कर्मचारी/मजदूरलाई कानून बमोजिम दण्ड जरिवाना गर्ने ।

७. सार्वजनिक सवारी चालकले अनिवार्य रुपमा जुत्ता लगाएर मात्र सवारी चलाउने तथा सभ्य/मर्यादित र शालिन पोषाक लगाउनु पर्ने व्यवस्था कडाईका साथ लागु गर्ने/गराउने । सूर्ती, पान, गुट्खा जस्ता अम्मल खाएर जताजतै नथुक्ने ।

८. मूल सार्वजनिक सडकबाटो (Highway) मा ठेलागाडा पार्किङ गर्ने, फलफूल जुस व्यापारलाई मुख्य बाटो क्षेत्र भन्दा बाहिर पर्ने गरी व्यवस्थापन गर्ने । मुख्य बाटो क्षेत्रमा यातायात आवागमनलाई असर पर्ने गरी त्यस्ता व्यवसाय सञ्चालन नगर्ने नगराउने र गर्ने गराउने कार्यलाई दण्डनिय बनाउने । अटो रिक्शा राजमार्गको दक्षिण साइडमा अटो पार्किङ भनी लगाइएका बोर्ड अनुसार पार्किङको व्यवस्था गर्ने ।

९. बसपार्क व्यवस्थापन समितिले गरेका र गर्न लागेका सुधारका कार्यक्रममा यातायात प्रा.लि./मजदूर संघ संगठन तथा सरोकारवाला सबैले साथ सहयोग, समन्वय र सहजीकरण गर्ने गराउने ।

१०. उल्लिखित निर्णय स्वतःस्फूर्त ढंगले कार्यान्वयन गर्न सघाउ पुऱ्याउन संयुक्त बसपार्क व्यवस्थापन समितिले प्रचार प्रसार (सूचना टाँस, माइकिङ्ग, होर्डिङ्ग बोर्ड) को व्यवस्था गर्ने । व्यवसायिक संघ संस्थाले सबै यातायात प्रा.लि., मजदूर संघ संगठनलाई निर्देशन दिने ।